**Soaltee Hotel Limited**

★ ★ ★ ★ ★

# आर्थिक वर्ष २०७६/०७७ को प्रथम त्रैमासिक अवधिको प्रतिवेदन

**धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३ को नियम २६ को उपनियम (१) संग सम्बन्धित**

**अनुसूची – १४**

सोल्टी होटल लिमिटेडको २०७६ आश्विन मसान्तमा समाप्त भएको आर्थिक वर्ष २०७६/०७७ को प्रथम त्रैमासिक अवधिको लेखापरीक्षण नभएको (अपरिस्कृत) प्रतिवेदनः

## १. वित्तीय विवरण

(कम्पनीको हिसाब किताव इश्वी सम्बत् (अंग्रेजी महिना) अनुसार लेखांकन गरिने भएको हुंदा आर्थिक वर्ष २०७६/०७७ (२०१९/२०) को १७ जुलाई २०१९ देखि ३० सेप्टेम्बर २०१९ सम्मको अवधिको आर्थिक विवरण प्रस्तुत गरिएको छ।)

(क) आर्थिक वर्ष २०७६/०७७ को प्रथम त्रैमासिक अवधिको वासलात र नाफा नोक्सान सम्बन्धी विवरण :–
आर्थिक वर्ष २०७६/०७७ अन्तर्गत कम्पनीको ३० सेप्टेम्बर २०१९ मा समाप्त (१७ जुलाई २०१९ देखि ३० सेप्टेम्बर २०१९ सम्म) अवधिको तुलनात्मक वित्तीय विवरणहरु अनुसूची १ मा प्रस्तुत गरिएकोछ।
प्रथम त्रैमासिक समीक्षा अवधिमा सम्बन्धित पक्षहरु बीच होटेलको नियमित व्यावसायिक कारोवार बाहेक अन्य कुनै कारोवार नभएको।

(ख) आर्थिक वर्ष २०७६/०७७ को प्रथम त्रैमासिक अवधि, ३० सेप्टेम्बर २०१९ मा समाप्त भएको अवधिको लेखापरीक्षण नभएको प्रमुख वित्तीय अनुपातहरु :–

| विवरण | प्रथम त्रैमासिक अवधि ३० सेप्टेम्बर २०१९ को अन्त्यमा (लेखापरीक्षण नभएको) | अघिल्लो त्रैमासिक अवधि १६ जुलाई २०१९ को अन्त्यमा | गत वर्षको त्रैमासिक अवधि ३० सेप्टेम्बर २०१८ को अन्त्यमा (लेखापरीक्षण नभएको) |
|---|---|---|---|
| प्रमुख वित्तीय सूचांकहरुः | | | |
| ऋण पूंजीको अनुपात | ०.०१ | ०.०१ | ०.०१ |
| शेयरधनीको शेयर पूंजी कोषको प्रतिफल | ०.०२ | ०.१८ | ०.०४ |
| प्रति शेयर आम्दानी (रु.) | ०.४० | ४.०८ | ०.८७ |
| प्रति शेयर नेटवर्थ (रु.) | २२.६२ | २२.२२ | २२.४६ |
| प्रति शेयर कुल सम्पत्तिको मूल्य (रु.) | ३३.२७ | ३३.७६ | ३४.३७ |
| प्रति शेयर बजार मूल्य (रु. १०/– प्रति शेयर) (रु.) | २०७.०० | २४४.०० | २४८.०० |
| प्राईस अर्निङ्ग रेसियो (टाईम्स) | ५१३.६६ | ५९.७९ | २८४.२० |
| चालु अनुपात | १.८२ | १.५८ | १.३८ |

## २. व्यवस्थापकीय विश्लेषण

(क) आर्थिक वर्ष २०७६/०७७ को प्रथम त्रैमासिकको समीक्षा अवधिको अन्त्यमा अर्थात ३० सेप्टेम्बर २०१९ सम्मका वित्तीय विवरणहरु अघिल्लो आर्थिक वर्षको सोही अवधिसंग तुलनात्मक रुपले विश्लेषण गर्दा कम्पनीको कुल आय आर्जन समग्रमा लगभग १४ प्रतिशतले ह्रास आएको छ।

(ख) समीक्षा त्रैमासिक अवधिमा कम्पनीको मौज्दात, आम्दानी र तरलताको अवस्था सन्तोषजनक रहेको छ।

(ग) आगामी आर्थिक वर्ष २०७६/०७७ को दोस्रो त्रैमासिक अवधिमा कम्पनीको व्यावसायिक गतिविधिहरुको सन्दर्भमा कम्पनीले कुल आय बृद्धि गर्नका लागि अपनाउनु पर्ने सबै व्यावसायिक रणनीतिक अन्तर्गतका सबै संयन्त्रहरुको समुचित परिचालन गर्दै होटेलको अक्यूपेन्सी बढाउने, उपलब्ध प्रचार प्रसार तथा बजार व्यवस्थापनका अत्याधुनिक प्रविधिको प्रयोग लगायतका सबै उपायहरु अवलम्बन गरी आम्दानी अभिबृद्धि गर्नेछ भने होटेल संचालन लागतमा मितव्ययिता, नियन्त्रणात्मक कार्ययोजना अनावश्यक खर्च कटौति कार्ययोजनालाई समेत जारी राख्दै पर्यटन बजारको विविध सेगमेन्टहरुमा प्रवेश गर्दै आफ्ना व्यावसायिक गतिविधिहरु संचालन गर्नेछ।

(घ) कम्पनीले होटेल व्यवसायका विविध बजार खण्डहरुमा सशक्त बजार व्यवस्थापन तथा प्रवर्द्धन गर्ने कार्य निरन्तर रुपमा जारी राखेकोछ। कम्पनीले होटेल व्यवसायका विविध बजार सेगमेन्टहरुमा बजार व्यवस्थापन तथा प्रवर्द्धन गर्ने रणनीति सहित कर्पोरेट, सेमिनार, सभा, सम्मेलन, प्रीतिभोज, राजकीय समारोह, बैंक्वेट तथा व्यवसायको अन्य सेगमेन्टका बजार अंशलाई शसक्तीकरणका साथ आकर्षित गर्दै समग्रमा व्यवसाय अभिबृद्धि गर्ने योजना अनुरुप कार्ययोजना लाई कार्यान्वयन गरीरहेको छ। पर्यटन उद्योगको होटेल खण्डमा कोठा आपूर्ति तथा मागमा असन्तुलन आएकोले व्यवसायमा तीव्र प्रतिस्पर्धाको स्थीति उत्पन्न भएको छ। त्यसै गरी देशमा पर्यटक आगमनमा गत वर्षको तुलनामा अपेक्षित अभिबृद्धि नभई सामान्य बृद्धि भएको अवस्था छ। कम्पनीले आगामी अवधिमा रणनीतिक रुपमा बजार व्यवस्थापन गर्ने, पर्यटन बजारको विविध खण्डहरुमा प्रवेश गरी पर्यटक आकर्षित गर्ने योजना जारी राख्नेछ।

(ङ) नेपालको पर्यटन उद्योगको होटेल सेगमेण्टको आपूर्ति तथा मागमा देखिएको विद्यमान असन्तुलित अवस्थाको परिप्रेक्ष्यमा समीक्षा अवधि प्रथम त्रैमासिक अवधि २०७६/०७७ मा कम्पनीको मौज्दात, नाफा वा नगद प्रवाह गत वर्षको सोही त्रैमासिक अवधिको तुलनामा संतोषजनक रहेको छ।
कम्पनीले समीक्षा त्रैमासिक अवधिमा व्यवस्थापकीय कार्य कुशलता सहित अधिकतम मितव्ययिता अपनाउदै व्यवसायमा आईपर्ने कुनै पनि प्रतिकुल परिस्थितिहरुबाट पर्नसक्ने प्रभावलाई अधिकतम रुपमा न्यूनीकरण गर्दै कुशल व्यवस्थापकीय रणनीतिका साथ व्यवसायको सुक्ष्म व्यवस्थापनका साथै कम्पनीको मुनाफामा हुने ह्रासलाई तुलनात्मक रुपले कम गर्ने नीतिलाई निरन्तरता दिइनै राख्नेछ।

## ३. कानुनी कारवाही सम्बन्धी विवरण

(क) आर्थिक वर्ष २०७६/७७ को प्रथम त्रैमासिक अवधिमा कम्पनीले कुनै मुद्दा दायर गरेको छैन र कम्पनी उपर पनि कुनै मुद्दा दायर भएको जानकारी प्राप्त भएको छैन।

(ख) आर्थिक वर्ष २०७६/७७ को प्रथम त्रैमासिक अवधिमा कम्पनीका संस्थापक वा संचालकले वा संस्थापक वा संचालकको विरुद्धमा प्रचलित नियमको अवज्ञा वा फौज्दारी अपराध गरेको सम्बन्धमा कुनै मुद्दा दायर गरेको वा भएको जानकारी प्राप्त भएको छैन।

(ग) आर्थिक वर्ष २०७६/७७ को प्रथम त्रैमासिक अवधिमा कम्पनीलाई कुनै संस्थापक वा संचालक विरुद्ध आर्थिक अपराध गरेको सम्बन्धमा कुनै मुद्दा दायर भएको जानकारी प्राप्त भएको छैन ।

## ४. संगठित संस्थाको शेयर कारोवार सम्बन्धी विश्लेषण

(क) शेयरको कारोबारमा हुने उतार चढाव खुल्ला बजारले प्रतिपादित गरेको मूल्य र मान्यता अनुरुप निर्देशित हुने गरेकोछ। शेयरको कारोबार सम्बन्धी विषयमा व्यवस्थापनको धारणा तटस्थ रहेको छ।

(ख) कम्पनीको आर्थिक वर्ष २०७६/७७ को आश्विन मसान्त २०७६ मा अन्त्य भएको प्रथम त्रैमासिक अवधिमा प्रति शेयर रु. १०/– का दरको शेयरको अधिकतम, न्यूनतम, अन्तिम मूल्य, कारोबार भएको कूल दिन तथा कारोबार संख्या देहाय बमोजिम रहेको छः–

| त्रैमासिक आ.व. २०७६/७७ (२०१९/२०) | शेयरको कारोबार – मूल्य (रु.) | | | कूल शेयरको कारोबार – दिन र संख्या | | |
|---|---|---|---|---|---|---|
| | अधिकतम मूल्य | न्यूनतम मूल्य | अन्तिम मूल्य | कारोबार भएको कूल दिन | कारोबार संख्या | कूल कारोबार शेयर संख्या |
| प्रथम त्रैमासिक (२०७६ आश्विन मसान्त) | २४०/– | २००/– | २०७/– | ६३ | ९३२ | १,०७२,८१० |

## ५. समस्या तथा चुनौती

(क) **समस्याहरुः तथा चुनौतीहरुः**

**आन्तरिक**

(१) यस कम्पनीमा आन्तरिक समस्या नरहेको।

**बाह्यः**

(१) अप्रत्याशितरुपमा घटने पर्यटन प्रतिकूलताका राष्ट्रिय र अन्तर्राष्ट्रिय घटनाहरुको प्रभाव।
(२) देशमा पर्यटन सम्बन्धी पर्याप्त भौतिक पूर्वाधारहरुको विकासको कमीबाट पर्ने नकारात्मक प्रभाव।
(३) पर्यटकहरुको सुरक्षा, देशको आर्थिक र राजनैतिक अवस्था तथा सम्बन्धित बजार मुलुकहरुबाट जारी गरिने यात्रा प्रतिकूलता सम्बन्धी निर्देशनहरुबाट पर्ने प्रभावहरु।
(४) विदेशी विनिमय दरमा (अमेरिकी डलर र यूरो) हुने अप्रत्याशित परिवर्तन।
(५) उर्जा, बिद्युत, इन्धन तथा तत्सम्बन्धी औद्योगिक पदार्थमा हुने अप्रत्याशित उच्च मूल्य बृद्धि तथा उपभोग्य पदार्थको मूल्यबृद्धि र श्रम समस्याहरुबाट पर्ने प्रत्यक्ष र अप्रत्यक्ष प्रभावहरु।
(६) नयाँ होटेलहरुको संचालन पश्चात् देखा परेको र पर्न सक्ने बढ्दो होटेल कोठा आपूर्ति तथा पर्यटन बजारको मागमा आएको उच्च असन्तुलनबाट व्यवसायमा पर्न सक्ने प्रभाव।
(७) पर्यटन उद्योगमा देखापर्ने औद्योगिक अशान्ति, अप्रत्याशित रुपमा हुने बन्द हडताल, आन्तरिक पर्यटन प्रवर्द्धनको कमी तथा सर्वसुलभ पर्यटकीय सार्वजनिक यातायातको अभाव तथा अन्तर्राष्ट्रिय हवाई सिट क्षमतामा न्यूनताबाट पर्ने प्रत्यक्ष र अप्रत्यक्ष प्रभावहरु।
(८) देशमा अचानक आइपर्ने असहज परिस्थितिहरु, प्राकृतिक तथा दैवी विपदा तथा प्रकोपहरुको प्रभाव।

(ख) **रणनीति**

सशक्त बजार व्यवस्थापन, होटेलका पाहुनाहरुलाई प्रदान गरिने गुणस्तरीय सेवा र सुविधाहरुको निरन्तर स्तरोन्नति। होटेलका सेवा सुबिधा सम्बन्धी भौतिक पूर्वाधार संरचनाहरुको स्तरबृद्धि वा प्रतिस्थापन गरी लक्ष्य अनुसारको पर्यटन व्यवसायको बजार बिस्तार गर्ने र होटेलले प्रदान गर्ने सेवाहरुलाई अन्तर्राष्ट्रिय मापदण्ड अनुरुप निरन्तर परिमार्जन गर्दै तद्नुरुप कायम राख्ने।

६. संस्थागत सुशासन

**संस्थागत सुशासन अभिवृद्धिका लागि व्यवस्थापनद्वारा चालिएका कदम सम्बन्धी विवरण**

(क) कम्पनीको लेखापरीक्षण समितिले स्वतन्त्र आन्तरिक तथा वाह्य लेखा तथा व्यवस्थापकीय प्रतिवेदनहरुको त्रैमासिक पुनरावलोकन एवं समीक्षा गर्दै आवश्यक सुझाव सहित प्रतिवेदनमा उल्लेखित सिफारिशहरुको परिपालना भए नभएको अनुगमन समेत गर्दछ । लेखापरीक्षण समितिले कम्पनीको संचालक समिति समक्ष नियमित रुपमा प्रतिवेदन पेश गर्ने गर्दछ र यस सम्बन्धमा कम्पनीको संचालक समितिले समेत आवश्यक निर्देशन दिने गर्दछ ।

(ख) कम्पनीको आन्तरिक नियन्त्रण प्रणाली अन्तर्गत होटेलको आफ्नै आन्तरिक लेखापरीक्षण विभाग समेत कार्यरत रहेको छ ।

(ग) कम्पनीको आन्तरिक लेखापरीक्षण छुट्टै स्वतन्त्र आन्तरिक लेखापरीक्षकबाट गरिन्छ जस्ले त्रैमासिक आन्तरिक लेखापरीक्षण प्रतिवेदन लेखापरीक्षण समिति समक्ष पेश गर्ने गर्दछ ।

(घ) कम्पनीले नियमनकारी निकायद्वारा जारी गरिएका नियम, विनियम र निर्देशनहरुको पूर्ण परिपालना सहित अन्य प्रचलित ऐन तथा कानून बमोजिम पुरा गर्नु पर्ने मापदण्डहरुको पूर्ण पालना गर्दछ ।

७. सत्य, तथ्यता सम्बन्धमा अध्यक्ष/कार्यकारी प्रमुखको उद्घोषण

आजका मिति सम्म यस प्रतिवेदनमा उल्लेखित जानकारी तथा विवरणहरुको शुद्धता सम्बन्धमा म व्यक्तिगत रुपमा उत्तरदायित्व लिन्छु । साथै म यो उद्घोष गर्दछु की मैले जाने बुझे सम्म यस प्रतिवेदनमा उल्लेखित विवरणहरु सत्य, तथ्य र पूर्ण छन् र लगानीकर्ताहरुलाई सूसुचित निर्णय लिन आवश्यक कुनै विवरण, सूचना तथा जानकारीहरु लुकाइएको छैन ।

अनुसूची १

# SOALTEE HOTEL LIMITED

## UNAUDITED FINANCIAL RESULTS

## AT THE END OF 30 SEPTEMBER 2019 (FIRST QUARTER) OF THE FISCAL YEAR 2076/077(2019/20)

| PARTICULARS | Up to This Quarter ending on 30 Sept. 2019 (Unaudited) | Up to Previous Quarter ending on 16 July 2019 | Corresponding Previous Year Quarter ending on 30 Sept. 2018 (Unaudited) |
|---|---|---|---|
| **STATEMENT OF FINANCIAL POSITION AS AT 30 SEPTEMBER 2019** | | | |
| **ASSETS** | | | |
| **Non-Current Assets** | | | |
| Property, Plant and Equipment | 1,260,251,732 | 1,288,652,633 | 1,228,642,838 |
| Intangible Assets | 869,950 | 927,319 | 1,625,849 |
| Investment Property | 94,777,081 | 95,113,987 | 39,530,327 |
| Deferred Tax Assets | 62,688,627 | 62,688,382 | 69,587,627 |
| Investments | 283,898,981 | 283,898,980 | 284,377,323 |
| Trade and Other Receivables | 74,238,594 | 43,624,104 | 59,819,823 |
| **Total Non-Current Assets** | **1,776,724,965** | **1,774,905,405** | **1,683,583,787** |
| **Current Assets** | | | |
| Inventories | 100,405,448 | 97,395,770 | 94,515,563 |
| Incom Tax Receivable | 1,041,465 | 8,780,356 | - |
| Investment | 90,000,000 | 90,000,000 | 70,000,000 |
| Trade and Other Receivables | 208,684,273 | 287,118,178 | 280,650,203 |
| Prepayments | 16,527,161 | 20,102,651 | 14,617,408 |
| Cash and Cash Equivalent | 244,213,202 | 195,153,823 | 145,936,972 |
| **Total Current Assets** | **660,871,549** | **698,550,778** | **605,720,146** |
| **Total Assets** | **2,437,596,514** | **2,473,456,183** | **2,289,303,933** |
| **EQUITY AND LIABILITIES** | | | |
| **Equity and reserves and Surplus** | | | |
| Share Capital | 732,675,370 | 732,675,370 | 666,063,740 |
| Retained Earnings and Reserves | 924,900,591 | 895,374,380 | 830,048,663 |
| **Total Equity** | **1,657,575,961** | **1,628,049,750** | **1,496,112,403** |
| **Liabilities** | | | |
| **Non-Current Liabilities** | | | |
| Loans and Borrowings | 3,578,682 | 3,746,371 | 4,817,763 |
| Employee Benefits | 391,008,022 | 376,168,231 | 328,646,488 |
| Trade and other payables | 23,116,845 | 22,867,574 | 21,449,618 |
| **Total Non-Current Liabilities** | **443,195,579** | **402,782,176** | **354,913,869** |
| **Current Liabilities** | | | |
| Loans and Borrowings | 1,161,908 | 1,161,908 | 851,000 |
| Employee Benefits | 29,242,926 | 56,942,016 | 62,821,728 |
| Income Tax Payable | - | - | 25,605,544 |
| Trade and other payables | 331,912,169 | 384,520,333 | 348,999,389 |
| **Total Current Liabilities** | **362,317,003** | **442,624,257** | **438,277,661** |
| **Total Liabilities** | **780,020,552** | **845,406,433** | **793,191,530** |
| **Total Equity and Liabilities** | **2,437,596,514** | **2,473,456,183** | **2,289,303,933** |
| **STATEMENT OF PROFIT OR LOSS FOR THE PERIOD ENDED ON 30 SEPTEMBER 2019** | | | |
| Revenue | 316,467,897 | 1,834,328,549 | 367,864,538 |
| **Total Revenue** | **316,467,897** | **1,834,328,549** | **367,864,538** |
| Consumption of Food and Beverages | 52,450,575 | 301,546,775 | 58,672,171 |
| Employee Benefit Expenses | 114,207,608 | 551,006,843 | 109,986,570 |
| Operating Expenses | 48,642,057 | 246,059,785 | 51,644,947 |
| Depreciation and amortization expenses | 20,417,221 | 80,367,208 | 17,035,151 |
| Administrative & Other Expenses | 43,147,463 | 270,704,448 | 56,614,014 |
| **Total Expenses** | **278,864,924** | **1,449,685,059** | **293,952,853** |
| **Profit from Operation** | **37,602,973** | **384,643,490** | **73,911,685** |
| Finance Cost | 109,370 | 730,350 | 105,536 |
| **Profit before Taxes** | **37,493,603** | **383,913,140** | **73,806,149** |
| Provision for Tax | 7,967,390 | 84,902,182 | 15,683,807 |
| **Net Profit after Tax** | **29,526,213** | **299,010,958** | **58,122,342** |

**(The above figures are subject to change as per the direction, if any by the statutory Auditors)**